**Serial No.** **F–DTN–L–SAD–N**

# NEPALI

**(Compulsory)**

*Time Allowed : Three Hours* | *Maximum Marks : 300*

## INSTRUCTIONS

*Candidates should attempt **ALL** questions.*

*The number of marks carried by each question is indicated at the end of the question.*

*Answers must be written in **Nepali** (Devanagari Script), unless otherwise directed.*

*Prescribed word-limit must be followed for Q. No. **3**. The precis must be attempted **only** on the special precis sheets attached to this question paper. These precis sheets are to be carefully detached from the question paper and securely attached to the answer book.*

1. तल दिइएका कुनै एक विषयमा **300 (तीन सय)** जति शब्दभित्र एउटा निबन्ध लेख्नुहोस् : 100

   (क) राजनीति अनि व्यक्तिगत नैतिकताको प्रश्न ।

   (ख) सामाजिक उन्नतिको मुख्य प्रेरक कुन हो, धर्म अथवा विज्ञान ?

   (ग) सबैकालागि भोजन : हाम्रो प्रजातान्त्रिक प्रणालीकालागि एक चुनौती ।

(घ) द्रुततर संस्कृतिले जल्दीबाजी र अपराध-वृत्तिलाई जन्म दिन्छ।

(ङ) मानव-बुद्धिको विकल्पको रूपमा कृत्रिम बुद्धि।

2. निम्नलिखित गद्यांश राम्ररी पढ्नुहोस् अनि त्यहाँ दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस्। उत्तर सफा, सही र संक्षिप्त हुनुपर्छ : 6×10=60

हामी औद्योगिकीकरणको एउटा तेज प्रवाहबाट गुज्रिरहेछौं तथा आफ्ना उद्योगहरूमा धेरै संख्यामा मानिसहरूलाई नियुक्त गरिरहेका छौं। भारतमा केही यस प्रकारका धारणाहरू छन् कि तपाईं जुन विशेष कार्य गर्न चाहनुहुन्छ, त्यस विषयमा कति जान्नुहुन्छ ती कुराको महत्व छैन; त्यसभन्दा अधिक महत्वपूर्ण कुरा त तपाईं कसलाई जान्नुहुन्छ, जब रोजगार पाउनलाई प्रभावको उपयोग गर्न सकिन्छ। मानिसहरू यो सोंच्दैनन् कि असल परिणामको लागि योग्यता आवश्यक हुन्छ। हाम्रो शिक्षामा उत्कृष्टताको विकासको एक सुनिश्चित महत्वपूर्ण स्थान छ अनि यदि उत्कृष्टताको विकास-लाई महत्व दिइएन भने त्यसबाट योग्यताको अपमान हुन जान्छ। यस कुराबाट एकातिर हाम्रो शिक्षा प्रणाली विषाक्त र दूषित हुन्छ नै तथा अर्कोतिर सामाजिक शिक्षाकालागि आन्दोलन प्रारम्भ गर्ने इच्छाको घाँटी निमोठिन्छ।

जब कुनै साँघु (पुल)-को निर्माण गरिन्छ अथवा सड़क बनाइन्छ त्यसबेला बलुवा, सिमेण्ट, चूना आदिको उचित मिश्रणका-लागि एक निश्चित अनुपातको अनुसरण गर्नुपर्छ, जसबाट पुल र सड़कको निर्माण राम्रो हुनसक्छ अनि ती अधिक समयसम्म रहनसक्छ। तर हाम्रो अनुभव यस विषयमा हामीलाई

अध:पतनकै कथा सुनाउँछ अनि हामीलाई थाहा हुन्छ कि कुन बाँधमा फाँका परेको छ वा कुन सड़क वर्षाको कारणले बगाइसकेको छ।

यो विषय गुणवत्ता नियन्त्रणसँग जोड़िएको छ, जसको सम्बन्ध केवल भौतिक सामग्रीसित छैन तर मनुष्य तथा उसको उत्तरदायित्व विषयक वोधसित पनि छ।

दुर्भाग्यवश हाम्रो प्रजातान्त्रिक व्यवस्थाबाट यस्ता केही परिस्थितिहरूका निर्माण हुन्छ जसमा योग्यतालाई एक व्यवस्थित रूपबाट उपेक्षित गरिन्छ अनि मानिसहरूले यसो भनेको सुनिन्छ कि यो देशमा गुणको कुनै महत्व नै छैन। यस्ता कुराबाट यस्तो भावना उत्पन्न हुन्छ कि यहाँ योग्यता, कार्यक्षमता र नैतिक औचित्यलाई महत्व नदिईकननै कसैले लोक सेवाको पद प्राप्त गर्न सक्तछ अनि सार्वजनिक कार्य गर्न सक्तछ।

**प्रश्नहरू :**

(क) यो देशमा मानिसहरू राम्रो काम पाउने विषयमा के सोँच्छन् ?

(ख) हामी योग्यताप्रति सम्मान कतिबेला हराउँछौं ?

(ग) योग्यताप्रति असम्मानको दुष्परिणाम के हुन्छ ?

(घ) जब हामी अन्य मानिसहरूको उत्तरदायित्व बोधको सम्मान गर्दैनौं तब परिणाम के हुन्छ ?

(ङ) योग्यता, कार्यक्षमता र उत्तरदायित्वप्रति उपेक्षाको कारण के हुन सक्छ ?

(च) गद्यांशमा अधोरेखाङ्कित वाक्यांशहरूका अर्थ आफ्नो भाषामा सम्झाउनुहोस्।

3. निम्नलिखित गद्यांशको संक्षेपिका (Precis) **190—210** शब्दभित्र लेख्नुहोस्। यसकालागि दिइएको विशेष पन्नाहरू प्रयोग गर्नुहोस्। यदि शब्दसीमाको उल्लङ्घन स्वीकार्य सीमाभन्दा अधिक भए त्यही अनुपातमा अङ्क कटौती गरिनेछ। **यदि संक्षेपिका 150 शब्दभन्दा कम वा 250 शब्दभन्दा बेसी लामो भए त्यसकालागि कुनै अङ्क दिन सकिँदैन।** 60

........ म त्यस समय प्राय: सात वर्षको थिएँ जब मेरा बुवा राजस्थानिक न्यायालयको सदस्य बन्नलाई पोरबन्दरबाट राजकोट जानु भएको थियो। त्यहाँ मलाई एक प्राथमिक पाठशालामा भर्ना गरिएको थियो अनि ती दिनहरूको मलाई राम्ररी सम्झना छ, मलाई पढ़ाउने शिक्षकहरूका नाम तथा अन्य विशेषताहरू पनि थाहा छ। जस्तो पोरबन्दरमा थियो त्यस्तै यहाँ पनि मेरो पढ़ाईको विषयमा कुनै विशेष उल्लेखनीय कुरा छैन । म केवल एक औसत दर्जाको विद्यार्थी थिएँ। यो विद्यालयदेखि म एक उपनगरीय विद्यालयमा गएँ अनि त्यहाँबाट हाईस्कूल। त्यसबेला म बारह बर्षको भइसकेको थिएँ। मलाई थाहा छैन, यति थोरै समयमा मैले आफ्ना शिक्षकहरू अथवा सहपाठीहरूसँग कहिले-कहीं झुटो बोले हुँला। म धेरै लज्जालु थिएँ अनि सब प्रकारका मानिसहरूका सा देखि बाँच्ने गर्थे। मेरा पुस्तकहरू तथा मेरा पाठहरू नै मेरा एकमात्र साथी हुने गर्थ्यो। ठीक समयमा स्कूलमा पुग्नु र स्कूल बन्द हुन साथै घर आउनु—यही मेरो प्रतिदिनको आदत थियो। म वस्तुत: भाग्ने गर्थे किनकि म कसैसित बातचीत गर्न सक्तिनँ थिएँ। मलाई यस कुराको पनि डर थियो कि कतै कसैले मलाई हाँसोको पात्र नबनाओस्। एउटा घटना यस्तो छ जो मेरो हाईस्कूलको पहिलो वर्षको परीक्षाको समयमा घटेको हो

अनि जो उल्लेखनीय छ। शिक्षा-निरीक्षक श्री जाइल्स निरीक्षणकालागि आएका थिए। हिज्जे अभ्यास (Spelling exercise)-का लागि, उनले हामीलाई पाँचवटा शब्द लेख्न दिए। तीमध्ये एउटा शब्द थियो 'Kettle'। मैले त्यसको हिज्जे भूल लेखेको थिएँ। मेरा शिक्षकले आफ्नो जुत्ताद्वारा मलाई सो ठीक गर्नलाई संकेत दिने प्रयास गरे, तर मलाई त्यो सहायता लिनु थिएन। यो कुरा मेरो सोंचाईदेखि परको थियो कि उनी त्यो चाहन्थे कि म मेरो छेवको विद्यार्थीको स्लेटबाट सो हिज्जेको नकल गरूँ, तर म के सोँच्थें भने शिक्षक त्यहाँ यसकालागि थिए कि हामीलाई नकल गर्नबाट रोक्नलाई हाम्रो निरीक्षण गर्छन्। परिणाम यस्तो भयो कि म-बाहेक अरू सबै विद्यार्थीहरूद्वारा लेखिएका प्रत्येक शब्दको हिज्जे सही पाइयो। खालि म चाहिँ मूर्ख बन्न पुगेँ। पछिबाट शिक्षक महोदयले यो मूर्खताको कुरा सम्झाउने मलाई कोशिश गरे तर त्यसको कुनै प्रभाव परेन। मैले 'नकल' गर्ने कला कहिल्यै सिक्न पाइनँ।

तथापि यो घटनाबाट मेरा शिक्षकप्रतिको सम्मान कहिल्यै कम भएन। म स्वभावैले अरूको दोष देख्तिनँ थिएँ। पछिबाट मलाई यी शिक्षक महोदयको कैयौं अन्य दुर्बलताहरूको पत्तो लाग्यो, तर उनीप्रति मेरो सम्मान त्यस्तै नै रहिरह्यो। यसको कारण यो थियो कि मैले ठूलाहरूका आज्ञा-पालन गर्न सिकेको थिएँ, उनीहरूका कार्यहरूका विश्लेषण गर्न होइन।

यसै कालावधिमा जोड़िएका दुई अरू घटनाहरू मेरो सम्झनामा सँधै आलो रहेको छ। विद्यालयकालागि निर्धारित पुस्तकहरूका अतिरिक्त अरू केही पनि पढ़न मलाई सँधैनै अरूचि थियो। प्रतिदिनको निर्धारित अध्ययन त गर्नै पर्थ्यो किनभने मलाई

शिक्षकद्वारा दण्डित हुनु त्यत्तिकै मन नपर्दो कुरा थियो जति उनलाई धोका दिनु। यसैले म प्राय: त्यस्ता कुरामा ध्यान नदिएर आफ्नै पाठमा मन लगाउँथे। यस प्रकार जब मेरो पाठ नै पूरा सम्यकरूपमा हुँदैन थियो, तब अतिरिक्त अध्ययनको कुनै प्रश्न नै उठ्दैन थियो। तर मेरा बुवाद्वारा किनिएको एउटा पुस्तकप्रति भने मेरो दृष्टि कुनै प्रकारले पर्न गयो। त्यो पुस्तक थियो 'श्रवण पितृभक्ति नाटक' (श्रवणको आफ्ना आमाबुवाप्रति भक्तिभाव विषयको नाटक) मैले त्यसलाई गहिरो मन लाएर पढें। त्यसै समय हामी कहाँ एकजना घुमन्ते कलाकार आए। उसले मलाई देखाउन लागेको चित्रमा एउटा श्रवणको थियो, जसले आफ्नो काँधमा बोकेको झोलाको सहायताले आफ्ना अन्धा आमाबुवालाई तीर्थयात्रातिर लैजाँदै गरेको थियो। यो पुस्तक र चित्रले मेरो मनमा एउटा अमेट छाप छोड्यो। मैले आफैले आफैलाई भनें, "यो यस्तो उदाहरण हो जसको तिमीले नकल गर्नुपर्छ।" श्रवणको मृत्युमा उसका आमाबुवाको करुणरोदन आज पनि मेरो सम्झनामा ताजा छ। उसको पग्लाउने रूवाइले मलाई गहिरोसँग प्रभावित पारेको छ अनि यो रूवाइलाई मैले बुवाले मेरोलागि किनिदिनु भएको बाजामा बजाएँ।

4. निम्नलिखित अंग्रेजी गद्यांशलाई **नेपालीमा** अनुवाद गर्नुहोस् :— 20

Tulasidas's imagery covers a vast range. No poet of medieval period — not even his great contemporary Surdas — can vie with Tulasidas in respect of the infinite

variety of imagery employed by him. He has collected his images from peasant life, court life, priestly environments, rural and civic life, philosophical treatises, literary classics, mythological works and folk literature. His poetry is a vast gallery of all kinds of images ranging from exquisite miniature paintings to large frescoes. Normally he likes simple and integrated images, but is quite capable of creating complex imagery as well. What he seems to abhor is a truncated image of which we can hardly search out a single example. His whole poetic creation is an endless endeavour to give a concrete tangible form to the abstract — to impart physical charms and mental qualities of human personality to an absolute concept. Actually the very conception of Personified Godhood is a grand exercise in image-making. In this context, what is of special relevance to the modern reader in Tulasidas's art is his unconventional approach to literary-cultural tradition and religion. A number of poets in other Indian languages have also produced great literature in this regard, but Tulasi appears to have surpassed them all.

5. तल दिइएको गद्यांशलाई **अंग्रेजीमा** अनुवाद गर्नुहोस् :— 20

यो सर्वविदित छ कि विश्वको निर्माण, विकास र रक्षा

प्रकृतिमाथि नै निर्भर हुन्छ अनि प्रकृतिको निर्माण र रक्षामा रूखपात, बन-जङ्गल, लता-लहरा, पोथ्रा-पोथ्री, झारपातको ठूलो महत्व छ। वस्तुतः मनुष्यको अस्तित्वनै रूखपात तथा बन-जङ्गलमाथि निर्भर छ। रूखपात नै माटोको खास रक्षक हो। तिनीहरूले आँधी-वेहरीको वेगलाई रोक्दछ अनि माटोलाई उड्नबाट जोगाउँदछ। रूखपात नै पहाड़हरूको खति रोक्न तथा तिनलाई स्थिर राख्नमा समर्थ हुन्छ। बन-जङ्गलबाट पशु-पंक्षीहरूको रक्षा हुन्छ अनि पर्यावरण-संरक्षण सम्भव हुन्छ। ती पनि वर्षाकै कारण हुन्छ। जहाँ रूखपात धेरै हुन्छ त्यहाँ वर्षा धेरै हुन्छ, तर रेगिस्तान वर्षाकैलागि तड़पिनुपर्छ। वर्षाबाट अन्न-उत्पादन सम्भव हुन्छ अनि अन्नबाट मनुष्य जीवित रहन्छ। अनेकौं रूखका पातहरूलाई घाँसका रूपमा खाएर पशुहरू जीवित रहन्छन्। रूखहरूबाटै हामीलाई दाउरा तथा घर बनाउनकालागि काठ उपलब्ध हुन्छ। रेल, पानी जहाज, हावा जहाज आदि अनेक साधनहरूका निर्माणमा रूखहरूबाट प्राप्त काठहरूको उपयोग हुन्छ। थरि-थरिका औषधि मुलो, चोप (गम), कागज, माचिस, विभिन्न प्रकारका तेल, नाना-नाना प्रकारका स्वादिष्ट र पौष्टिक फलहरूका अक्षुण्ण स्रोत रूखहरू नै हुन्। रूखहरूका शीतल छायाले हामीलाई घामको तापबाट राहत दिन्छ। तिनीहरूका फूलहरूका बासनाले हाम्रा मन-मस्तिष्कलाई फूर्ति दिलाउँछ।

6. (क) निम्नलिखित वाग्धाराहरूमध्ये कुनै **पाँचवटाको** अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :— 4×5=20

(i) आँखा उघ्रनु



(Contd.)

(ii) पेटमा लात मार्नु

(iii) बोली लाग्नु

(iv) आकाशको तारा झार्नु

(v) पाउ पर्नु

(vi) जिब्रो बटार्नु

(vii) सास न बास हुनु

(viii) मुलुक हाँक्नु

(ix) तेल लगाउनु

(x) दुनो सोज्याउनु

(ख) निम्नलिखित कुनै **पाँचवटा** श्रुतिसम शब्दका भिन्नार्थ स्पष्ट पार्नुहोस् :— 2×5=10

(i) दिन/दीन

(ii) गारो/गाह्रो

(iii) कोष/कोश

(iv) चीर/चिर

(v) देखि/देखी

(vi) बन्चरो/बन चरो

(vii) होश/होस्

(viii) फेरी/फेरि

(ix) चिन/चीन

(x) अभिराम/अविराम

(ग) तलका कुनै **पाँचवटा** उखानलाई पुरा गरी लेख्नुहोस् :—

2×5=10

(i) ——— उग्दैन, ——— टिक्दैन ।

(ii) ——— जन्ती, ——— मलामी ।

(iii) गाई भए ———, भाइ भए ——— ।

(iv) ——— पीर ——— जान्दैन ।

(v) ——— ——— गए झटारो ।

(vi) आमाको पछि ——— ।

(vii) ——— ——— उतै ढल्कु ।

(viii) नजाने गाउँको ——— ——— ।

(ix) ——— ——— सय झट्का ।

(x) शास्त्र हराए ——— जानु, न्याय हराए ——— जानु ।

Sr. No. 

**F–DTN–L–SAD–N**

अपना अनुक्रमांक इन पत्रकों पर न लिखें

DO NOT WRITE YOUR ROLL NO. ON THESE SHEETS

# NEPALI
## (Compulsory)

सार लेखन के लिए विशेष पत्रक

**SPECIAL SHEETS FOR PRECIS**

**इस पत्रक के दोनों ओर लिखिए। प्रत्येक खण्ड में एक शब्द और प्रत्येक पंक्ति में पांच शब्द लिखिए। अपने उद्धरण में सामान्य रूप से विराम आदि चिन्ह लगाइए और यदि आवश्यक हो तो प्रत्येक पैराग्राफ के अन्त में एक पंक्ति खाली छोड़ते हुए इसे पैराग्राफों में विभक्त कीजिए। यदि चाहें तो उत्तर-पुस्तिका के साधारण कागज पर पहले एक कच्चा प्रारूप तैयार कर सकते हैं। अपनी उत्तर-पुस्तिका दे देने से पहले कच्चे कार्य को आर-पार पंक्ति डालकर काट दिया जाना चाहिए। आप सारपत्रक को अपनी उत्तर-पुस्तिका के अन्दर सुरक्षित रूप से बांध दीजिए।**

**Use both sides of this sheet. Write one word in each division and five words in each line. Punctuate your passage in the usual way and divide it into paragraphs, if necessary, leaving a line blank at the end of each paragraph. You may make a rough copy first, if you so wish, on ordinary paper in the answer-book. The rough work should be scored through before you hand over your answer-book. You should fasten the precis sheet securely inside your answer-book.**

| शीर्षक<br>Title | | | | | इस हाशिए<br>में न लिखें<br>Do not write on this margin |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | 70 |
| | | | | | 80 |
| | | | | | 90 |
| | | | | | 100 |
| | | | | | 110 |
| | | | | | 120 |
| | | | | | 130 |
| | | | | | 140 |
| | | | | | 150 |
| | | | | | 160 |
| | | | | | 170 |
| | | | | | 180 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | 190 |
| | | | | | 200 |
| | | | | | 210 |
| | | | | | 220 |
| | | | | | 230 |
| | | | | | 240 |
| | | | | | 250 |
| | | | | | 260 |
| | | | | | 270 |
| | | | | | 280 |
| | | | | | 290 |
| | | | | | 300 |